# नेपाल र चीनका बीच सीमावर्ती क्षेत्रका बासिन्दाहरूले सीमापारी लगि पशु चराउने विषयमा भएको संयुक्त बैठकको मार्इन्यूटस

नेपाल र चीनका बीच काठमाडौंमा वि.सं. २०४० साल आषाढ २४ गते देखि २०४० साल भाद्र १४ गते तदनुसार सन् १९८३ को जुलाई ८ तारिख देखि अगष्ट ३० तारिखसम्म सीमावर्ती क्षेत्रका बासिन्दाहरूले सीमापारी लगि पशु चराउने सम्बन्धमा संयुक्त बैठक भएको थियो । श्री ५ को सरकार नेपालका कायम मुकायम गृह सचिव श्री वीर बहादुर शाहीले नेतृत्व गर्नु भएको नेपाली प्रतिनिधि मण्डल र नेपाल अधिराज्यका लागि जनवादी गणतन्त्र चीनका महामहिम राजदूत श्री भा मुमिंगले नेतृत्व गर्नु भएको चिनिया प्रतिनिधि मण्डलले उक्त बैठकमा भाग लिएका थिए । दुवै पक्षका बीच सीमापारी लगि पशु चराउने प्रश्नहरूमा मैत्री एवं सहयोगको वातावरणमा वार्ता भई भविष्यमा सीमापारी लगि पशु चराउने विषयको सम्झौतामा पुगेका थिए । सहमत भएका बुंदाहरू यस मार्इन्यूटमा उल्लेख गर्न र कार्यान्वयनका लागि यस मार्इन्यूटमा उल्लेख भएका बुंदाहरूको आधारमा दुवै पक्षले छलफल गरी सीमावर्ती क्षेत्रका बासिन्दाहरूले सीमापारी लगि पशु चराउने सम्झौता संपन्न गर्न दुवै पक्ष सहमत भए ।

१. सीमावर्ती क्षेत्रका बासिन्दाहरूले सीमापारी लगि पशु चराउने प्रचलन सकेसम्म चाँडो अन्त्य गरिनु पर्ने कुरामा दुवै पक्ष सहमत छन् । दुवै तर्फका केही क्षेत्रका सीमावर्ती बासिन्दाहरूले एक अर्काको क्षेत्रमा पशु चराउन लाने गरेको प्रचलनलाई हाल बन्द गर्दा कठिनाई पर्ने तथ्यलाई दृष्टिगत गरी माथि उल्लेख गरिएको सीमावर्ती क्षेत्रका बासिन्दाहरूले सीमापारी लगि पशु चराउने विषयमा सम्झौता भएको मिति देखि सम्झौतामा उल्लेख भएको निश्चित समय सम्मको लागि सीमापारी लगि पशु चराउन सक्नेछन् । त्यसै बीच प्रत्येक पक्षले आफ्नो चरन क्षेत्रको विकास गर्न प्रयत्न गर्नेछ, सीमापारी लगि चराउने पशुहरूको संख्या क्रमशः घटाउँदै लानेछ र निर्धारित समय सकिए पछि सीमापारी लगि पशु चराउन पूर्णतया समाप्त गर्नेछ ।

२. नेपालको हुम्ला, मुस्तांग, सिन्धुपाल्चोक र दोलखा जिल्लाहरूका सीमावर्ती क्षेत्रका केही बासिन्दाहरूलाई चीनको बुराङ्0, फ्रोङ्0वा र न्यालाम काउन्टीहरूको केही चरन क्षेत्रमा पशु चराउनका लागि सीमापार गर्ने अनुमति दिइएकोछ। चीनको बुराङ्0 काउन्टीका सीमावर्ती क्षेत्रका केही बासिन्दाहरूलाई नेपालको दार्चुला, बझांग र हुम्ला जिल्लाहरूका केही चरन क्षेत्रहरूमा पशु चराउनका लागि सीमापार गर्ने अनुमति दिइएकोछ। माथि उल्लेख गरिएका सीमावर्ती क्षेत्रहरूका बासिन्दाहरूको गाउं वा ठाउंका नामहरू, सीमापारी लगि चराउने पशुहरूको संख्या, सीमापारी लगि पशु चराउने ऋतुको समय, सीमापारी लगि पशु चराउने निर्धारित बर्गहरू, प्रत्येक चरणमा घटाउदै लेजाने पशुहरूको संख्या तथा सीमापारी पशु चराउंदा प्रयोग गरिने चरन क्षेत्रको नामहरू र त्यसको विस्तार इत्यादिको विवरणहरू परिशिष्टमा उल्लेख गरिएको छ।

३. सीमावर्ती क्षेत्रका बासिन्दाहरूले सीमापारी पशु चराउन लगे बापत अर्को तर्फको सम्बन्धित स्थानीय अधिकारीहरूलाई निम्न बमोजिम क्षतिपूर्ति तिर्नु पर्नेछ:-

प्रत्येक भेडा वा बाख्राको हरेक ४ महीनाको लागि १०० ग्राम ऊन र ४ महीनाभन्दा बढी समयको लागि २५० ग्राम ऊन; प्रत्येक याक वा गाई गोरूको हरेक महीनाको लागि २५० ग्राम घ्यु, प्रत्येक घोडा वा खच्चरको हरेक चरन ऋतुमा सीमापार गर्दा १.५० युआन (चीनिया मुद्रा) वा रू १२।- (नेपाली मुद्रा)।

क्षतिपूर्ति तिर्दा माथि उल्लेख गरिएको मूल्य बराबरको अरू कुनै जिन्सीमा वा नगदमा पनि चुक्ता गर्न सकिनेछ।

४. सीमापारी लगि पशु चराउने विषयको सम्झौता मुचाहरूपले कार्यान्वयन गरिनेछ। सम्झौताको उल्लंघन गरेमा सम्बन्धित मुलुकका स्थानीय अधिकारीहरूले निम्न लिखित सिद्धान्तहरूको आधारमा कारवाही गर्नेछन् :-

(१) सीमापारी चराउन लगेको पशुहरूको सम्बन्धमा परिशिष्टमा उल्लेख भएको चरन ऋतुको समय भन्दा बढी भएमा, क्षतिपूर्तिको रकम दोब्बर (१x२) हुनेछ र निर्धारित समयभित्र माथि उल्लेख भएको मुलुकको इलाका छाडी पशुहरू फिर्ता लेजान आदेश दिइनेछ।

(२) सीमापारी चराउन लाने पशुहरूको सम्बन्धमा परिशिष्टमा उल्लेख भएको चरन क्षेत्रको सीमा बाहिर चराएमा, क्षतिपूर्तिको रकम तेब्बर (१×३) हुनेछ र निर्धारित समयभित्र माथि उल्लेख भएको चरन क्षेत्रमा पशुहरू फर्काउन आदेश दिइनेछ ।

(३) सीमापारी चराउन लाने पशुहरूको सम्बन्धमा परिशिष्टमा उल्लेख भएको पशुहरूको संख्या भन्दा बढी भएमा क्षतिपूर्ति तिर्नाको साथै निम्न लिखित प्रतिशतमा पशुहरू जफत गरिनेछ र निर्धारित समय भित्र माथि उल्लेख भएको मुलुकको इलाका छाडी जान आदेश दिइनेछ :-

याक, गाई, गोरु, खच्चर वा घोडाको लागि १०० देखि ५०० संख्या सम्म बढी भएमा १ प्रतिशत, ५०० देखि १००० संख्यासम्म बढी भएमा २ प्रतिशत र १००० संख्या भन्दा बढी भएमा ३ प्रतिशत ।

भेडा वा बाख्राको लागि १०० देखि ५०० संख्यासम्म बढी भएमा २ प्रतिशत, ५०० देखि १००० संख्यासम्म बढी भएमा ४ प्रतिशत र १००० संख्या भन्दा बढी भएमा ६ प्रतिशत ।

(४) माथि उल्लेख भएको क्षतिपूर्ति वा जफत गरिने पशुहरू त्यस बराबर मूल्यको अन्य जिन्सी वा नगदमा पनि तिर्न सकिनेछ ।

५. परिशिष्टमा उल्लेख भए अनुसार सीमापारी लगि पशु चराउन अनुमति प्राप्त सीमावर्ती क्षेत्रका वासिन्दाहरू बाहेक अन्य व्यक्तिहरूलाई तिनका पशुहरू सीमापारी लगि चराउन सख्त निषेध गरिएको छ । सीमापार गरि पशु चराउन आउने सीमावर्ती क्षेत्रका वासिन्दाहरूले (दैनिक प्रयोगका निमित्त दाउरा बटुल्ने बाहेक) शिकार खेल्ने, जडीबुटी उखेल्ने, दाउरा बटुल्ने, बाँस काट्ने, भन्सार छल्ने जस्ता गैह्र कानूनी गतिविधिहरू गर्न सख्त निषेध गरिएकोछ । चरन क्षेत्रका सम्बन्धित स्थानीय अधिकारीहरूले अपराधी-हरूलाई प्रत्येक अपराधको मात्रा हेरी कानून बमोजिम कारवाही गर्नेछन् ।

६. सीमापारी चराउन लैजाने संपूर्ण पशुहरूलाई चराउन लैजानु अघि आवश्यक प्रतिरक्षाणका उपायहरू अपनाउनु पर्नेछ । संक्रामक रोग लागेको पत्ता लागेमा रोग फैलिन नदिनको लागि चरन क्षेत्र भएको मुलुकको सम्बन्धित स्थानीय अधिकारीले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

७. सीमापारी लगि पशु चराउने विषयको सम्झौता भएपछि दुवै पक्षका सम्बन्धित स्थानीय अधिकारीहरूले सम्झौताको बुँदाहरूको पूर्ण तथा स्पष्ट रूपले आ-आफ्ना सीमावर्ती क्षेत्रका वासिन्दाहरूलाई अवगत गराउने, सीमापारी लगि पशु चराउने सम्बन्धी व्यवस्था गर्ने प्रशासन यन्त्रलाई सक्षम वनाउन प्रयत्न गर्ने र सम्झौताको कार्यान्वयनका लागि सुनिश्चित गरिएका बुँदाहरूको उलंघन हुन नदिन कडा व्यवस्था गर्ने ग्यारेन्टी दुवै पक्षले लिनेछन् ।

८. सीमावर्ती क्षेत्रका वासिन्दाहरूले सीमापारी लगि पशु चराउने विषयको यो सम्झौता भएको मिति देखि यस अघि दुवै तर्फका अधिकारीहरू वीच भएका सीमापारी लगि पशु चराउने सबै लिखित वा मौखिक सम्झौताहरू रद्द हुनेछन् ।

काठमाडौंमा मिति २०४०।६।१४ तदनुसार सन् १९८३ को सेप्टेम्बर 30 तारिखमा नेपाली, चीनिया र अंग्रेजी भाषाका दुई दुई प्रतिहरूमा हस्ताक्षर गरियो । यी तीनै भाषाका प्रतिहरू समान रूपले प्रामाणिक छन् ।

马牧鸣

वीर वहादुर शाही
नेपाली प्रतिनिधि मण्डलको
नेता

मा मुमिंग
चीनिया प्रतिनिधि मण्डलको
नेता

## परिशिष्ट

यो परिशिष्ट नेपाल र चीनका बीच सीमावर्ती क्षेत्रका बासिन्दाहरुले सीमापारी लगि पशु चराउने विषयमा भएको संयुक्त बैठकको माइन्युटको बुँदा नं -२ अनुसार तयार गरिएको छ । यसमा दुवै तर्फका पशु चराउन निमित्त सीमापार गर्न अनुमति प्राप्त सीमावर्ती क्षेत्रका बासिन्दाहरूको गाउँ वा ठाउँको नामहरू, सीमापारी लगि चराउने पशुहरूको संख्या, सीमापारी लगि पशु चराउने चरन ऋतुको समय, सीमापारी पशु चराउन स्थान पाउने निर्धारित वर्गहरू, प्रत्येक वर्षमा घटाइने पशुहरूको संख्या, सीमापारी पशु चराउन लैजाँदा प्रयोग गरिने चरन क्षेत्रको नामहरू र त्यसको विस्तार इत्यादिको उल्लेख गरिएको छ ।

१. नेपालको हुम्ला जिल्ला:-

(क) नेपालको हुम्ला जिल्लाको लिमि गाउँ पंचायत (यसमा जाङ, हल्जी र तिल नामक ३ वटा साना गाउँहरू समावेश छन्) को सीमावर्ती क्षेत्रका बासिन्दाहरूलाई चरनको निमित्त सीमापार गर्न अनुमति प्रदान गरिएको छ ।

(ख) सीमापारी लगि चराउन पाउने पशुहरूको संख्या ५००० हुनेछ ।

(ग) प्रत्येक चरन ऋतुमा सीमापारी लगि पशु चराउने समय ६ महीनाको हुनेछ, अर्थात अक्टोबर १ तारिख देखि अर्को वर्षको मार्च ३१ तारिखसम्म ।

(घ) सीमापारी लगि पशु चराउने अवधि ५ वर्षको हुनेछ, अर्थात सन् १९८३ को अक्टोबर १ तारिख देखि शुरू भई सन् १९८८ को मार्च ३१ तारिखमा समाप्त हुनेछ ।

(ङ) सन् १९८५ मा पशुहरूको संख्या ५०० घटाइनेछ, अर्थात सन् १९८५ को अक्टोबर १ तारिख देखि सीमापारी लगि चराइने पशुहरूको वास्तविक संख्या ४५०० हुनेछ, यस्तै सन् १९८७ मा पशुहरूको संख्या पुन: १००० घटाइनेछ, अर्थात सन् १९८७ को अक्टोबर १ तारिख देखि सीमापारी लगि चराइने पशुहरूको वास्तविक संख्या ३५०० हुनेछ ।

(च) सीमापारी लगि पशु चराउंदा चीनिया दोत्रको स्वसिदिकको चरन दोत्रमा चराउनु पर्नेछ, जुन चीनको पुराङ० काउन्टीको ङआर जिल्लाको ददिाण पूर्वमा अवस्थित छ, चरन दोत्र पूर्वमा नेवुङुवो देखि पश्चिममा नुवोकुलागासम्म, दाददिाणमा गोङ०किओङ० देखि उत्तरको बुसेम्म हुनेछ ।

२. नेपालको मुस्तांग जिल्ला:-

(क) नेपालको मुस्तांग जिल्लाका लाका र लोङमान्थाङ० समुदायहरूका सीमावर्ती दोत्रका वासिन्दाहरूलाई चरनको निम्ति सीमापार गर्न अनुमति प्रदान गरिएको छ ।

(ख) सीमापारी लगि चराउन पाउने पशुहरूको संख्या ४००० हुनेछ ।

(ग) प्रत्येक चरन ऋतुमा सीमापारी लगि पशुहरू चराउने समय ६ महीनाको हुनेछ, अर्थात नभेम्बरको १ तारिख देखि अर्को वर्षको अप्रिलको ३० तारिखसम्म ।

(घ) सीमापारी लगि पशु चराउने अवधि ५ वर्षको हुनेछ, अर्थात सन् १९८३ को नभेम्बर १ तारिख देखि शुरू भई सन् १९८८ को अप्रिलको ३० तारिखमा समाप्त हुनेछ ।

(ङ०) सन् १९८५ मा पशुहरूको संख्या ५०० घटाइनेछ, अर्थात सन् १९८५ को नभेम्बर १ तारिख देखि सीमापारी लगि चराइने पशुहरूको वास्तविक संख्या ३५०० हुनेछ, यस्तै सन् १९८७ मा पशुहरूको संख्या पुन: १००० घटाइनेछ, अर्थात् सन् १९८७ को नभेम्बर १ तारिख देखि सीमापारी लगि चराइने पशुहरूको वास्तविक संख्या २५०० हुनेछ ।

(च) सीमापारी लगि पशु चराउंदा चीनिया दोत्रको जियावोक्युलाङ० र क्युवारे चरन दोत्रहरू प्रयोग गर्नु पर्नेछ जुन चीनको फरोङ०वा काउन्टीको जादोङ० जिल्लामा अवस्थित छ । उक्त चरन दोत्रहरू उत्तरमा जियावोक्युलाङ० देखि शुरू भई ददिाणमा पांगल्लामसम्म पश्चिममा विजिउला पहाडको फेदी देखि पूर्वमा ल्युखाङथी सोलामा पुगी टुंगिनेछ ।

३. नेपालको सिन्धुपाल्चोक जिल्ला:-

(क) नेपालको सिन्धुपाल्चोक जिल्लाको तातोपानी र फुलपिङकट्टी गाउँ पंचायतहरूको सीमावर्ती क्षेत्रका वासिन्दाहरूलाई पशु चराउनको निम्ति सीमापार गर्न अनुमति प्रदान गरिएकोछ ।

(ख) सीमापारी लगि चराउन पाउने पशुहरूको संख्या ५०० हुनेछ ।

(ग) प्रत्येक चरन ऋतुमा सीमापारी लगि पशु चराउने समय ३ महीनाको हुनेछ, अर्थात जुलाईको १ तारिख देखि सोही वर्षको सेप्टेम्बरको ३० तारिखसम्म ।

(घ) सीमापारी लगि पशु चराउने अवधि ३ वर्ष निर्धारित गरिएको छ, अर्थात सन् १९८४ को जुलाई १ तारिख देखि शुरु भई सन् १९८६ को सेप्टेम्बर ३० तारिखमा समाप्त हुनेछ ।

(ङ) सन् १९८५ मा पशुहरूको संख्या १०० घटाइनेछ, अर्थात सन् १९८५ को जुलाई १ तारिख देखि सीमापारी लगि चराइने पशुहरूको वास्तविक संख्या ४०० हुनेछ, यस्तै सन् १९८६ मा पशुहरूको संख्या पुन: २०० घटाइनेछ, अर्थात सन् १९८६ को जुलाई १ तारिख देखि सीमापारी लगि चराइने पशुहरूको वास्तविक संख्या २०० हुनेछ ।

(च) सीमापारी लगि पशु चराउँदा चीनिया क्षेत्रको नार्मा, पोमा, बाङ्मेस्लोङ र काशां चरन क्षेत्रहरू प्रयोग गर्नु पर्नेछ, जुन चीनको न्यालाम काउन्टीको चाङमु जिल्लामा अवस्थित छ ।

४. नेपालको दोलखा जिल्ला:-

(क) नेपालको दोलखा जिल्लाको तीन गाउं पंचायत-विगु,आलम्पु र सोपाचागु गाउं पंचायतहरूको सीमावर्ती क्षेत्रका वासिन्दाहरूलाई पशु चराउनको निम्ति सीमापार गर्न अनुमति प्रदान गरिएको छ ।

(ख) सीमापारी लगि चराउन पाउने पशुहरूको संख्या १०० हुनेछ ।

(ग) प्रत्येक चरन ऋतुमा सीमापारी लगि पशुहरू चराउने समय ३ महीनाको हुनेछ, अर्थात जुलाईको १ तारिख देखि सोही वर्षको सेप्टेम्बरको ३० तारिखसम्म ।

(घ) सीमापारी लगि पशु चराउने अवधि ३ वर्ष निर्धारित गरिएको छ, अर्थात सन् १९८४ को जुलाई १ तारिख देखि शुरू भई सन् १९८६ को सेप्टेम्बर ३० तारिखमा समाप्त हुनेछ ।

(ङ) सीमापारी लगि पशु चराउँदा चीनिया क्षेत्रको नामां, पोमा, वाङमेछोङ र कासां चरन क्षेत्रहरू प्रयोग गर्नु पर्नेछ, जुन चीनको न्यालाम काउन्टीको चाङमु जिल्लामा पर्दछ ।

(च) नेपालको दोलखा जिल्लाको लाप्चे गाउँको सीमावर्ती क्षेत्रका बासिन्दाहरूलाई पशु चरनको निम्ति सीमापार गर्न अनुमति प्रदान गरिएको छ ।

(छ) सीमापारी लगि चराउन पाउने पशुहरूको संख्या ४०० हुनेछ ।

(ज) प्रत्येक चरन ऋतुमा सीमापारी लगि पशुहरू चराउने समय ४ महीनाको हुनेछ, अर्थात जुन १ तारिख देखि सोही वर्षको सेप्टेम्बर ३० तारिखसम्म ।

(झ) सीमापारी लगि पशु चराउने अवधि ३ वर्षको हुनेछ, अर्थात सन् १९८४ को जुन १ तारिख देखि शुरू भई सन् १९८६ को सेप्टेम्बर ३० तारिखमा समाप्त हुनेछ ।

(ञ) सीमापार लगि पशु चराइने चीनिया इलाकाका चरन क्षेत्रहरू छ्युपुसाङ, फिसाङ, रानमुतिङ, च्याङचहलन, जियाङजङदादा, लाङदोरे, सोङला, काङबेसियोङ, क्युसोङदा, ताङसादुदोदोपु, लामीशङकाङ हुन्, जुन लाप्चे खुङ खोला र फिङपु खोला हुँदै चीनको न्यालाम काउन्टीको जादोङ जिल्लाभित्र पर्दछ ।

(ट) माथि उल्लेख भएको नेपालको दोलखा जिल्लाको ४ वटा ठाउँका सीमावर्ती क्षेत्रका बासिन्दाहरूलाई चीनको न्यालाम काउन्टीको दुई वेग्ला वेग्लै क्षेत्रमा पशु चरनको निम्ति सीमापारी लान पाउने पशुहरूको संख्या ५०० हुनेछ । सन् १९८५ मा पशुहरूको संख्या १०० घटाइनेछ, अर्थात आवश्यकता अनुसार सन् १९८५ को जुन १ वा जुलाई १ तारिख देखि सीमापारी लगि चराइने पशुहरूको वास्तविक संख्या ४०० हुनेछ ।